**UNITED MODI HYDROPOWER LTD.**
Lower Modi-1 Hydropower Project (10 MW)
**युनाईटेड मोदी हाइड्रोपावर लि.**
तल्लो मोदी-१ जलविद्युत आयोजना (१० मे.वा.)
दर्ता नं ४५१८५/०६४/०६५

प.सं: ०८०/०८१/१६५ मिति : २०८१/०२/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

**विषय : मिति २०८०।१२।२९ गते स्थगित भएको कम्पनीको वार्षिक साधारण सभा पुनः बोलाइएको सम्बन्धमा।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस युनाइटेड मोदी हाइड्रोपावर लि. (**"कम्पनी"**) को मिति २०८०।११।१३ गते दिउँसो ३:०० बजे बसेको बैठकको निर्णयानुसार यस कम्पनीको दशौं वार्षिक साधारण सभा मिति २०८०।१२।२९ मा बोलाइएकोमा सो मितिमा गणपुरक संख्या नपुगी स्थगित हुन गएको साधारण सभा मिति २०८१।०२।१६ गते दिउँसो ४:०० बसेको संचालक समितिको बैठकबाट निम्नानुसारको मिति, समय र स्थानमा मिति २०८०।११।२४ र २०८०।१२।२१मा प्रकाशित सूचनामा उल्लेखीत देहायका विषयहरुमा छलफल गर्ने गरी बोलाउने निर्णय भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१ जेष्ठ २७ गते आइतबार (तद्अनुसार ०९ जुन, २०२४)
समय : विहान ११:०० बजे ।
स्थान : कालीमाटी ब्याङकेट, कालीमाटी ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको सञ्चालक समितिमा ४ (चार) सञ्चालक पदको निर्वाचन सम्बन्धमा ।

५. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**Central Office**
1st Floor, Heritage Plaza-II, Kamaladi
Kathmandu, Nepal
Tel: 01-4169114, Fax: 01-4169113
E-mail: unitedmodi@ntc.net.np
Website: www.umh.com.np

**Site Office**
Dovilla, Kushma-08, Parbat
Tel/Fax: 067-421163

**ख)**	**विशेष प्रस्ताव**

१. यस कम्पनीको शेयर लगानी रहेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. द्वारा प्रबर्द्धित श्री मेवा खोला जलविद्युत आयोजना (५० मे. वा.) ("आयोजना") मा लगानी गर्नका लागि श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने ।

२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने तथा निष्काशन पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने तथा सो सम्बन्धि आवश्यक कार्यका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग)**	**विविध ।**

सधन्यवाद ।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

**भवदीय**

...................

नारायण प्रसाद आचार्य
कम्पनी सचिव

*बोधार्थ :*

*१. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।*
*२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।*
*३ श्री विद्युत नियमन आयोग, सानो गौचरण ।*
*४.श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,पुतलीसडक, काठमाण्डौं*